**Laxmi Laghubitta Bittiya Sanstha Ltd.**

**लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.**

**केन्द्रीय कार्यालय:**
कपन मार्ग, महाराजगंज, काठमाडौं ।
फोन नं.: ०१-४३७३६८२, ०१-४३७३६०४
इमेल: info@laxmilaghu.com.np
वेबसाइट: https://www.laxmilaghu.com.np


## अपरिष्कृत संक्षिप्त वित्तीय अवस्थाको विवरण

२०८० आश्विन मसान्त सम्मको

| विवरण | यस त्रयमास सम्मको (आश्विन मसान्त, २०८०) | गत आ.व.को अन्तसम्मको (असार मसान्त, २०८०) |
|---|---|---|
| **सम्पत्ति** | | |
| नगद वा नगद समान | ९१,१६२,८१४ | १७१,०६३,९३९ |
| वैधानिक मौज्दात तथा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३०,९८३,००० | ३०,९८३,००० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | – | – |
| डेरिभेटिभ वित्तीय उपकरणहरु | – | – |
| अन्य व्यापारीक सम्पत्तिहरु | – | – |
| लघुवित्त वित्तीय संस्था तथा सहकारीलाई दिएको कर्जा/सापटी | – | – |
| ग्राहकलाई प्रदान गरिएको कर्जा/सापटी | ६,६०६,६४३,०९३ | ५,७६८,०२२,५७६ |
| धितोपत्रमा लगानी | २,९६१,२९६ | २,९६१,२९६ |
| चालु कर सम्पत्ति | ३६,५२२,५३७ | २९,७३७,६४९ |
| लगानी सम्पत्तिहरु | – | – |
| सम्पत्ति तथा उपकरण | ५१,३४०,३८६ | ५२,५६९,९९९ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ६,३५३,२५३ | ७,०५०,७०५ |
| स्थगन कर सम्पत्ति | ५,८६४,७०७ | ५,७४६,०५२ |
| अन्य सम्पत्ति | ८१,४०९,९५६ | १४४,३४३,९८५ |
| **कुल सम्पत्ति** | **६,९१३,२४१,०४३** | **६,२१२,४७९,२००** |
| **दायित्व** | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | – | – |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | – | – |
| डेरिभेटिभ वित्तीय उपकरणहरु | – | – |
| ग्राहकहरुबाट निक्षेप दायित्व | २,२५१,२२८,६०१ | २,३२४,४६१,६१३ |
| सापटी | ३,८५४,१६५,६१२ | ३,०२१,२८८,०८१ |
| चालु कर दायित्व | – | – |
| व्यवस्थाहरु | – | – |
| स्थगन कर दायित्व | – | – |
| अन्य दायित्वहरु | १२,२१६,०६३ | ७६,१०५,८२८ |
| जारी गरिएका ऋणपत्रहरु | – | – |
| अधिनस्थ दायित्वहरु | – | – |
| **कुल दायित्व** | **६,११७,६१०,२७७** | **५,४२१,८५५,५२२** |
| **इक्विटी** | | |
| शेयर पूँजी | ४४१,६६२,१०० | ४४१,६६२,१०० |
| शेयर प्रिमियम | – | – |
| सञ्चित मुनाफा | १३६,७११,७५० | १३३,५४३,३८४ |
| जगेडा तथा कोषहरु | २१७,२५६,९१६ | २१५,४१८,१९४ |
| **कुल इक्विटी** | **७९५,६३०,७६६** | **७९०,६२३,६७८** |
| **कुल दायित्व र इक्विटी** | **६,९१३,२४१,०४३** | **६,२१२,४७९,२००** |
| शेयरको संख्या | ४,४१६,६२१ | ४,४१६,६२१ |
| प्रति शेयर सम्पत्तिको मूल्य | १,५६५.२८ | १,४०६.६१ |
| प्रति शेयर नेटवर्थ | १८०.१४ | १७९.०१ |

## अपरिष्कृत संक्षिप्त नाफा वा नोक्सान विवरण

१ श्रावण,२०८० देखि ३० आश्विन २०८० सम्म

रकम ने.रु.मा

| विवरण | चालु आ.व.२०८०/८१ | | आ.व.२०७९/८० को यसै अवधिको | |
|---|---|---|---|---|
| | यस त्रयमास | यस त्रयमास सम्म | यस त्रयमास | यस त्रयमास सम्म |
| ब्याज आम्दानी | २१३,५२६,५५४ | २१३,५२६,५५४ | २८७,७७२,८३६ | २८७,७७२,८३६ |
| ब्याज खर्च | १३४,६१७,१०६ | १३४,६१७,१०६ | १७९,५०५,७६७ | १७९,५०५,७६७ |
| **खुद ब्याज आम्दानी** | **७८,९०९,४४९** | **७८,९०९,४४९** | **१०८,२६७,०६९** | **१०८,२६७,०६९** |
| शुल्क तथा कमिशन आम्दानी | ३४,०२८,१५८ | ३४,०२८,१५८ | २१,८२५,८०९ | २१,८२५,८०९ |
| शुल्क तथा कमिशन खर्च | १०,४३९ | १०,४३९ | ७,१५७ | ७,१५७ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **३४,०१७,७१९** | **३४,०१७,७१९** | **२१,८१८,६५२** | **२१,८१८,६५२** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | **११२,९२७,१६८** | **११२,९२७,१६८** | **१३०,०८५,७२०** | **१३०,०८५,७२०** |
| खुद व्यापारीक आम्दानी | – | – | – | – |
| अन्य सञ्चालन आम्दानी | – | – | – | – |
| **कुल सञ्चालन आम्दानी** | **११२,९२७,१६८** | **११२,९२७,१६८** | **१३०,०८५,७२०** | **१३०,०८५,७२०** |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | २,५५१,६६५ | २,५५१,६६५ | ४४,५६३,७३८ | ४४,५६३,७३८ |
| **खुद सञ्चालन आम्दानी** | **११०,३७५,५०३** | **११०,३७५,५०३** | **८५,५२१,९८२** | **८५,५२१,९८२** |
| **सञ्चालन खर्च** | | | | |
| कर्मचारी खर्च | ७५,५८०,७२८ | ७५,५८०,७२८ | ७५,५८०,२३७ | ७५,५८०,२३७ |
| अन्य सञ्चालन खर्च | १८,९२५,७६८ | १८,९२५,७६८ | ११,३१९,१७८ | ११,३१९,१७८ |
| ह्रासकट्टी र परिशोधन खर्च | २,४२४,६५७ | २,४२४,६५७ | २,७४३,६२८ | २,७४३,६२८ |
| **सञ्चालन मुनाफा** | **१३,४४४,३४९** | **१३,४४४,३४९** | **(४,१२१,०६१)** | **(४,१२१,०६१)** |
| गैर सञ्चालन आम्दानी | ४,००५ | ४,००५ | ६,९१५ | ६,९१५ |
| गैर सञ्चालन खर्च | – | – | – | – |
| **आयकर अघिको नाफा** | **१३,४४८,३५५** | **१३,४४८,३५५** | **(४,११४,१४६)** | **(४,११४,१४६)** |
| **आयकर खर्च** | **३,९१५,८५१** | **३,९१५,८५१** | **–** | **–** |
| चालु आयकर | ४,०३४,५०६ | ४,०३४,५०६ | – | – |
| स्थगन कर खर्च/(आम्दानी) | (११८,६५६) | (११८,६५६) | – | – |
| **यस अवधिको मुनाफा** | **९,५३२,५०४** | **९,५३२,५०४** | **(४,११४,१४६)** | **(४,११४,१४६)** |
| अपरिष्कृत संक्षिप्त नाफा/नोक्सान विवरण | | | | |
| यस अवधिको नाफा/नोक्सान | ९,५३२,५०४ | ९,५३२,५०४ | (४,११४,१४६) | (४,११४,१४६) |
| अन्य विस्तृत आम्दनी | – | – | | |
| **कुल विस्तृत आम्दानी** | **९,५३२,५०४** | **९,५३२,५०४** | **(४,११४,१४६)** | **(४,११४,१४६)** |
| प्रति शेयर आम्दानी : | | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | – | २.१६ | – | – |
| बार्षिक आधारभूत प्रति शेयर आम्दानी (Annualized Basic EPS) | – | ८.६३ | – | – |
| डाइल्युटेड प्रति शेयर आम्दानी (Diluted EPS) | – | ८.६३ | – | – |
| **वितरण योग्य मुनाफा** | | | | |
| साधारण शेयरधनीहरु | ९,५३२,५०४ | ९,५३२,५०४ | (४,११४,१४६) | (४,११४,१४६) |
| अन्य बाह्य | – | – | – | – |

## नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमका अनुपातहरू

| विवरण | चालु आ.व.२०८०/८१ | | आ.व.२०७९/८० | |
|---|---|---|---|---|
| | यस त्रयमास | यस त्रयमाससम्म | यस त्रयमास | यस त्रयमाससम्म |
| पूँजी कोष/जोखिम भारित सम्पत्ती | – | १०.२०% | – | १०.७४% |
| निष्कृय कर्जा/कूल कर्जा सापटी | – | ६.८९% | – | ४.४४% |
| कूल कर्जा नोक्सानी ब्यवस्था/निष्कृय कर्जा | – | ९१.९४% | – | ९९.६६% |
| कोषको लागत | – | ९.६२% | – | १०.५७% |
| कर्जा/ निक्षेप अनुपात (**ने.रा.बै.को निर्देशन बमोजिम गणना गरिएको**) | – | २९३.४७% | – | २६६.६५% |
| आधार दर | – | १६.०४% | – | १५.५६% |
| ब्याजदर स्प्रेड | – | ५.२२% | – | ५.१४% |

## ब्याजदर

| | |
|---|---|
| १. निक्षेप | ७.५०% – ९.७५% |
| २. कर्जा तथा सापटी | १२% – १५% |

## वितरण योग्य नाफा/नोक्सान सम्बन्धी विवरण

२०८० साल आश्विन मसान्तसम्मको
(नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम)

| विवरण | चालु आ.व.२०८०/८१ | आ.व.२०७९/८० |
|---|---|---|
| | आश्विन मसान्त, २०८० सम्मको | आश्विन मसान्त, २०७९ सम्मको |
| **नाफा/नोक्सान विवरण बमोजिमको खुद नाफा/(नोक्सान)** | ९,५३२,५०४ | (४,११४,१४६) |
| **१. विनियोजन :** | २,०९७,१५१ | – |
| क) साधारण जगेडा | १,९०६,५०१ | – |
| ख) सटही घटबढ कोष | – | – |
| ग) पूँजी फिर्ता जगेडा कोष | – | – |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | ९५,३२५ | – |
| ङ) कर्मचारी तालिम कोष | – | – |
| च) अन्य | ९५,३२५ | – |
| **नियमनकारी समायोजन अघिको नाफा/नोक्सान** | ७,४३५,३५३ | (४,११४,१४६) |
| **२.नियमनकारी समायोजन :** | (४,२६६,९८६) | ५३०,८२८ |
| क) व्याज वक्यौता (-)/अघिल्लो वक्यौता व्याजको असुली (+) | (४,१४८,३३१) | ५३०,८२८ |
| ख) अल्पकालिन कर्जा नोक्सानी ब्यवस्था (-) फिर्ता (+) | – | – |
| ग) अल्पकालिन सम्भावित लगानी बापतको ब्यवस्था (-) फिर्ता (+) | – | – |
| घ) अल्पकालिन गैर बैंकिङ्ग सम्पत्तिको व्यवस्था (-) फिर्ता (+) | – | – |
| ङ) स्थगन कर सम्पत्तिको लेखाङ्कन (-) फिर्ता (+) | (११८,६५६) | – |
| च) ख्यातिमा लेखांकन (-)/ हानी नोक्सानी फिर्ता (+) | – | |
| छ) मोलतोल खरिदमा नाफाको थप (-)/फिर्ता (+) | – | |
| ज) बीमाङ्किक नोक्सान लेखांकन (-) फिर्ता (+) | – | – |
| झ) अन्य थप (+)/ घट (-) | – | |
| **यस त्रयमासको वितरणयोग्य खुद नाफा/(नोक्सान)** | ३,१६८,३६६ | (३,५८३,३१८) |
| **शुरुको सञ्चित मुनाफा** | ६९,०९८,२८६ | १३१,४५७,०७८ |
| **समायोजन (+/-)** | ३,१६८,३६६ | (३,५८३,३१८) |
| **वितरण :** | – | – |
| बोनस शेयर जारी | – | – |
| नगद लाभांश वितरण | – | – |
| **कुल वितरण योग्य नाफा/नोक्सान (यस त्रयमासको अन्तसम्म)** | ७२,२६६,६५२ | १२७,८७३,७६० |
| बार्षिक प्रति शेयर वितरण योग्य नाफा/नोक्सान | १६.३६ | ३३.३० |

**टिप्पणीहरु:**

१. अपरिष्कृत वित्तीय प्रतिवेदन नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्वारा अनुपालना गरिएको ब्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम निर्दिष्ट भएर तयार पारिएको छ।
२. ग्राहकहरुलाई प्रदान भएको कर्जा सापट रकमलाई हानी/नोक्सानी Impairment कट्टा गरी लेखांकन गरिएको र सो मा कर्मचारीहरुलाई प्रदान भएको कर्जा/सापटी समेत संलग्न रहेको छ।
३. उल्लेखित अपरिष्कृत वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षकहरुबाट कुनै फेरबदल गर्न सुझाय बमोजिम परिवर्तन हुने सक्ने छ।
४. आवश्यकता अनुसार अंकहरुलाई पुनःवर्गीकरण गरिएको छ।
५. अपरिष्कृत वित्तीय प्रतिवेदन वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा समेत अपलोड गरिएको छ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अर्न्तगतको अनूसुची-१४ बमोजिम

## आ.व.२०८०/८१ को प्रथम त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण** :

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :**
आ.व.२०८०/८१ को प्रथम त्रयमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा (Institute of Chartered Accountants of Nepal-ICAN) अनुपालनाको लागि सूचित गरिएका ब्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा पनि राखिएको छ।

**ख) सम्बन्धित पक्ष बीचको कारोवार :**
लक्ष्मी सनराईज बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित यस लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयरधनी श्री लक्ष्मी सनराईज बैंक लिमिटेडको ६०% शेयर स्वामित्व रहेको छ भने ४०% शेयर स्वामित्व सर्वसाधारणहरुको रहेको छ। सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी सनराईज बैंकमा रहेको बैंक मौज्दात र लक्ष्मी सनराईज बैंकबाट प्राप्त विपन्न वर्ग अन्तर्गत कर्जा तथा ऋण सापटी विवरण र निक्षेप तपशिल बमोजिम रहेको छ।

| क्र.सं | लक्ष्मी सनराईज बैंकमा रहेको मौज्दात (रु.) | लक्ष्मी सनराईज बैंकबाट प्राप्त कर्जा (रु.) |
|---|---|---|
| १. | ९३,१९,९३३ | २,५६,६६,८२,९१५ |

**ग) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (बार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ८.६३ | ७८.३१ गुणा | रु.१८०.१४ | रु.१,५६५.२८ | ५.८५% |

**२. व्यवस्थापकीय विश्लेषण** :

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:**
विभिन्न बाह्य परिस्थिती बीच चालु आ.व.२०८०/८१ को प्रथम त्रयमाससम्ममा वित्तीय संस्थाको सदस्य संख्या तथा लगानीमा रहेको कर्जामा सकारात्मक बृद्धि भएको छ भने ऋणी सदस्य तथा निक्षेप परिचालनमा कमी आएको छ। आर्थिक कारोवारहरुमा देखिएको मन्दी, सापटीको बढ्दो ब्याजदर, लघुवित्त संस्था विरुद्ध सञ्चालित गतिविधि, ब्यवसाय विस्तारमा नियमनकारी निकायको नीतिगत ब्यवस्था जस्ता कारणहरुले गर्दा वित्तीय कारोवारहरुमा प्रत्यक्ष असर परेको थियो। तथापि, वित्तीय कारोवारहरुमा क्रमिक सुधार भएको कारण आ.व.२०८०/८१ को प्रथम त्रयमासको अन्तसम्म सञ्चालन मुनाफा धनात्मक रहेको छ। प्रतिकुल परिस्थितीबीच हाल देखिएका विभिन्न खालका जोखिमहरु जस्तै कर्जा जोखिम, तरलता जोखिम र ब्याजदर जोखिम तथा अन्य बाह्य जोखिमहरुलाई समेत उच्च प्राथमिकताका साथ विश्लेषण गर्दै कर्जा, निक्षेप जस्ता वित्तीय कारोवारहरु सूचारु गर्दै आएको छ। उल्लेखित जोखिमहरुको न्यूनीकरण र बाह्य प्रतिकुल अवस्थामा सुधार भए पश्चात वित्तीय कारोवारहरुमा क्रमशः सुधार भई ग्राहकहरुबाट नियमित किस्ताको साँवा/ब्याज असुलीमा सुधार, निक्षेप परिचालनमा बृद्धि तथा आम्दानीमा बृद्धि र तरलता अवस्था सन्तोषजनक हुने ब्यवस्थापनको प्रक्षेपण रहेको छ।

**ख) आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्थापनाकाल देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिवी न्यूनीकरण, जीवनस्तरमा गुणस्तरयुक्त स्तरोन्नति, वित्तीय समावेशीकरण बढाउने दृढ संकल्प लिई नेपाल भरी नै लघुवित्त सेवाहरु प्रदान गर्ने अठोटका साथ कारोवारहरु गर्दै आएको छ। हाल देशका ७ वटै प्रदेशका विभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालय मार्फत १,०७,८४२ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ।

- लघुवित्तको मर्मलाई अनुसरण गर्दै विपन्न ग्राहकहरुमा बचत गर्ने बानीको क्रमशः बिकास गर्दै जाने उद्देश्य लिएको छ। सानो सानो बचत परिचालनबाट राष्ट्रिय पूँजीको निर्माण र ग्राहकहरुको सुनौलो भविष्यको लागी छरिएर रहेको सानो सानो बचतलाई बैंकिङ प्रणालीमा ल्याउन आकर्षक तथा प्रतिस्पर्धी ब्याजदर सहितको निक्षेप योजना ग्राहकहरुलाई प्रदान गर्दै आएको छ।
- परियोजनामा आधारीत कृषि उत्पादन, पशुपालन, सेवा लघु ब्यवसाय तथा लघु उद्यमशीलता बिकासलाई उच्च प्राथमिकताका साथ लिई विशेषत महिला वर्गलाई केन्द्रित हुदै लघुकर्जा सुविधाहरु उपलब्ध गराउदै आइरहेको छ। समयानुकुल वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। लघुबीमा, रेमिट्यान्स जस्ता वित्तीय सेवाहरुलाई अझ सबल बनाउदै लगीएको छ।
- नवीनतम प्रविधिहरु मार्फत वित्तीय पहुँचमा अभिबृद्धि, छिटो, छरितो, सहज, पारदर्शी, विश्वसनीय र न्युन लागत उन्मुख वित्तीय कारोवारहरु गर्दै जाने लक्ष्य लिई वित्तीय संस्था अगाडी बढिरहेको छ।
- ग्राहकहरुलाई आफ्नो मोवाईल मार्फत बैंक स्टेटमेण्ट हेर्ने कस्टुमर फेसिङ्ग एप्लिकेशन "Laxmi Laghubitta-Smart App" सेवा सुचारु गरेको छ। ट्याब्लेट बैंकिङ्ग र आधुनिक बैकिङ्ग सरहका सुविधाहरु सहितको मोवाईल बैंकिङ्ग एप्लिकेशन सुविधा "Laxmi Laghubitta Mobile पैसा" सुचारु भईरहेको छ।
साथै, माग बमोजिम लघुवित्तको सेवा तथा सुविधाहरुलाई ग्राहकको बदलिँदो चाहना बमोजिम परिष्कृत र विविधिकरण गर्दै लैजान ब्यवस्थापन प्रतिबद्ध रहेको छ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
लगानी योग्य रकमको अभाव, श्रोतको परनिर्भरता र अपर्याप्तता, कर्जा/सापटीको ब्याजदरमा भएको बृद्धि, संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, लघुवित्त संस्था विरुद्ध सञ्चालित गतिविधिहरु तथा अन्य बाह्य वातावरणीय प्रभावहरुको कारण ग्राहकहरुबाट कर्जाको किस्ता भुक्तानीमा समस्याको कारण चालु आ.व.२०८०/८१ को प्रथम त्रयमासको नगद प्रवाह, बैंक तथा नगद मौज्दात लगायत नाफा नोक्सानमा प्रत्यक्ष नकारात्मक असर परेको छ। तथापि उल्लेखित परिस्थितीलाई विश्लेषण गर्दै वित्तीय कारोवारहरु सुचारु गर्दै आईरहेको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

क) यस वित्तीय संस्थाको अछाम जिल्लाको साँफेबगर शाखामा भएको आर्थिक हिनामिनामा संलग्न सम्बन्धीत कर्मचारी विरुद्ध जिल्ला प्रहरी कार्यालय अछाम मंगलसेनमा जाहेरी पश्चात हाल उच्च अदालत दिपायल, महेन्द्रनगरमा मुद्धा दर्ता भै उक्त मुद्दा उपर कानूनी कारबाही चलिरहेको छ। साथै हाल सम्म संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन।
ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण** :

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा विविध समस्याहरुले धितोपत्र बजारलाई असर पारेता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक रुपमा नै भईरहेको छ।
ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.९१५.०० | रु.६४०.१० | रु.६७६.१० | ६१ | १,०१४ |

**५. समस्या तथा चुनौती** :

देशमा विद्यमान आर्थिक मन्दीको कारण ब्यापार व्यवसायमा परेको नकारात्मक प्रभावले आम्दानी र रोजगारीमा गिरावट आएको छ। फलस्वरुप ग्राहक सदस्यहरुको कर्जाको किस्ता तिर्ने क्षमतामा समेत ह्रास आएको छ। अस्वस्थ प्रतिस्पर्धा, कर्जाको दोहोरोपना, बढ्दो निष्कृय कर्जा, ब्यवसाय विस्तारमा संकुचन, लगानी योग्य रकमको अभाव, कोषको लागत नियन्त्रणमा चुनौती, लघुवित्त संस्था विरुद्ध संचालित गतिविधिका कारण कारोवार सञ्चालनमा समस्या तथा अवरोध जस्ता समस्या तथा चुनौतीहरुको उचित ब्यवस्थापन र विश्लेषण गर्दै वित्तीय कारोवारहरु सूचारु गर्नुपर्ने अवस्था रहेको छ।

**६. संस्थागत सुशासन** :

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ। संस्थाको विधमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोवारहरु सञ्चालन हुदै आईरहेको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापकिय तहमा विभिन्न समितिहरु गठन गरी विभिन्न समयमा अध्ययन, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आईरहेको छ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाईएको छैन।